मिति: २०७९।३।२९ मा स्वीकृत

# ललितपुर महानगरपालिका

## बिनियोजन विधेयक, २०७९

प्रमाणीकरण मिति : २०७९/३/२९

स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७९/....

# ललितपुर महानगरपालिका

## ललितपुर जिल्ला ,बागमती प्रदेश, नेपाल

## ललितपुर महानगरपालिकाको विनियोजन विधेयक, २०७९

**ललितपुर महानगरपालिकाको आर्थिक बर्ष २०७९/२०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

सभाबाट स्वीकृत मितिः ..................

राजपत्रमा प्रकाशित मितिः ... ... ...

**प्रस्तावनाः**

ललितपुर महानगरपालिकाको आर्थिक बर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान, २०७२ को धारा २२९ (२)बमोजिम ललितपुर महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "ललितपुर महानगरपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण १ गते देखि प्रारम्भ हुने छ ।

२. परिभाषाः

क. "नगर सभा" भन्नाले ललितपुर महानगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

ख. "कार्यपालिका" भन्नाले ललितपुर महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग. "वडा समिति" भन्नाले ललितपुर महागरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ. "विषयगत शाखा" भन्नाले ललितपुर महानगरपालिका अर्न्तगतको विभाग, महाशाखा, शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

ङ. "संचितकोष" भन्नाले ललितपुर महानगरपालिकाको संचितकोषलाई सम्झनु पर्दछ ।

३. **आर्थिक वर्ष २०७९/८० को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७९/८० को निमित्त महानगरकार्यपालिका, वडा समिति, विषयगत शाखा, महाशाखा, बिभागले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम

रु.६,३५,३५,०३,०००। अक्षेरुपी (छ अर्व पैतिस करोड पैतिस लाख तीन हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

४. **विनियोजन:**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/८० को निमित्त महानगर कार्यपालिका, वडा समिति र विषयगत शाखा, महाशाखा, बिभागले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन भएको रकम मध्ये कुनै शिर्षकमा बचत हुने र कुनै शिर्षकमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर/ शिर्षकान्तर गर्न सक्ने छ। यसरी रकमान्तर/ शिर्षकान्तर गर्दा एक शिर्षकबाट सो शिर्षकमा विनियोजन भएको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकमान्तर/ शिर्षकान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिने छ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षकतर्फ रकमान्तर/ शिर्षकान्तर गर्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र रकमान्तर/ शिर्षकान्तर गर्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) मा जुन सुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा विनियोजित रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकमान्तर/ शिर्षकान्तर गर्नु परेमा नगर सभाको स्वीकृति लिनु पर्ने छ।

अनुसूची-१

(दफा-३ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वितिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | नगरकार्यपालिका | १,०४,७४,५४,०००। | १५,००,००,०००। | | १,१९,७४,५४,०००। |
| ३ | | वडा समिति | २,९०,००,०००। | १०१,००,००,०००। | | १०३,९०,००,०००। |
| ४ | | बिषयगत कार्यक्रम | | ४,११,७०,४९,०००। | | ४,११,७०,४९,०००। |
| ५ | | ऋणको साँवा व्याज भुक्तानी | | | | |
| ६ | | लगानी (शेयर / ऋण) | | | | |
| जम्मा | | | १,०७,६४,५४,०००। | ५,२७,७०,४९,०००। | | ६,३५,३५,०३,०००। |